# सूचना सञ्चार प्रविधि र खुला तथा दूर शिक्षामार्फत महिला सशक्तीकरण

**सुशन आचार्य**
सह प्राध्यापक, शिक्षा शास्त्र केन्द्रिय विभाग, कीर्तिपुर

## लेखसार

**विभिन्न देशहरूका अनुभवले देखाए कि सबैका लागि चाहे जति र खोजे जस्तो शिक्षाका अवसरहरू उपलब्ध गराउन शिक्षाका वैकल्पिक मार्गहरू परिचालित गर्नुपर्छ । विशेषतः नेपाल तथा अन्य विकासोन्मुख देशका महिलाहरू शिक्षामा पछाडि परेका तथ्याङ्कले देखाउँछ । उनीहरूको उच्च शिक्षा पूरा गर्ने दर पनि एकदम कम छ । प्रायजसो सांस्कृतिक, सामाजिक एवम् आर्थिक मूल्य मान्यता तथा अवस्थाहरूले महिलाको शिक्षा प्राप्त गर्ने अवसरहरूमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेलिरहेका हुन्छन् । तसर्थ उनीहरूका निम्ति शिक्षाका वैकल्पिक उपायहरू जरुरी हुन्छन् । एउटा वैकल्पिक उपाय सूचना प्रबिधिको माध्यमबाट चाहे जति र खोजे जस्तो शैक्षिक अवसरहरू उपलब्ध गराउनु हो । यसका निम्ति शिक्षा क्षेत्रमात्र नभई राज्यको सूचना प्रविधि सम्बन्धी नीति, नियम, र निकायहरू पनि लैङ्गिक हिसाबले सचेत, संवेदनशील र समतामूलक हुनु अत्यन्त जरुरी हुन्छ ।**

## विषय प्रवेश

सबैका लागि शिक्षा प्रतिको प्रतिबद्धता पुरा गर्न विशेषतः विकासोन्मुख देशहरूलाई हम्मे हम्मे परेको छ । त्यसमा पनि महिला र विद्यालय पूरा नगरी बिचैमा छाडेका युवा युवतीहरूको सिकाइ आवश्यकता पुरा गर्नु अझै चुनौतीपूर्ण छ । यो चुनौती अझ प्रबल हुँदै छ । किनकि आयआर्जन गर्नुपर्ने बाध्यता तथा परीक्षामा असफलताको भोगाइले गर्दा धेरै युवकहरू विद्यालय तहको शिक्षा पूरा नगर्दै कामको खोजीमा निस्कने क्रम बढ्दो छ । अर्कातिर अझै पनि महिलाहरूको शिक्षाले खोजे जति प्राथमिकता पाउन सकेको छैन । शिक्षा व्यक्तिलाई समर्थ तुल्याउने वा योग्य बनाउने माध्यम हो । शिक्षाको कमिले महिलाहरूलाई वैयक्तिक तहमा कमजोर बनाउँछ । यसको प्रभाव उनीहरूको हरेक पक्ष- स्वास्थ, आर्थिक अवस्था, पेसा, व्यवसाय, राजनीतिक सहभागिता, सिप विकास आदिमा प्रत्यक्ष रूपले पर्छ । तर धेरैजसो विकासोन्मुख देशका महिलाहरू कमजोर आर्थिक स्थिति, घर परिवारको जिम्मेवारी तथा सांस्कृतिक एवम् सामाजिक बन्देजका कारण शिक्षकसँग प्रत्यक्ष सम्पर्कमा आएर अध्ययन गर्न सक्ने अवस्थामा छैनन् । अर्थात् यी बाध्यताहरूले गर्दा कतिपय महिलाहरूलाई औपचारिक शैक्षिक संस्थामा नियमित रूपमा उपस्थित हुन सम्भव हुँदैन । विकासोन्मुख देशहरूका निम्ति यो घटना प्रायः सामान्य हो । नेपालको उच्च शिक्षा हासिल गर्ने महिलाको दर र महिला साक्षरताको दरले यही जनाउँछ । त्यस्तै अफ्रिकी देशहरूमा त्यहाँको संस्कृतिले व्यक्तिगत उन्नतिका निम्ति श्रीमान्हरूले मात्र शिक्षा हासिल गरुन् भन्ने चाहन्छ र विहे गरेका महिलाहरूको पढाइलाई निरन्तरता दिने र उनीहरूको उन्नति गर्ने चाहना प्रायः बिचैमा तुहिन्छ (Taurai र J Metzo, सन् २०१३) । महिलाहरूको यही अवस्थालाई दृष्टिगत गर्दै कतिपय देशहरूले व्यापकरूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी खुला तथा दूर शिक्षा उपलब्ध गराएका छन् । सबैका लागि शिक्षाको अन्तरराष्ट्रिय तहमा गरिएको प्रतिबद्धता पुरा गर्न पनि उनीहरूले सूचना सञ्चार प्रविधि (Information Communication Technology/ICT मा आधारित खुला तथा दूर शिक्षा (Open and Distance Learning/ODL) को विस्तार गरेका छन् । विशेषगरी महिलाहरूको निम्ति शिक्षामा वैकल्पिक मार्ग उपलब्ध हुनु अत्यन्त अझै जरुरी हुन्छ । राष्ट्रको 'सबैका लागि शिक्षा' र 'जीवनपर्यान्त शिक्षा' का उद्देश्यहरूलाई व्यवहारमा उतार्न पनि वैकल्पिक मार्गहरू अनिवार्य छ ।

## महिला सशक्तीकरण

सशक्तीकरण भन्ने शब्दले शक्तिको विद्यमान आयाम (power dynamics) लाई चलाउनु एवम्

फरक पार्नु हो भन्ने जनाउँछ । पुरुषको दाँजोमा प्रायः महिलाहरू हरेक क्षेत्रमा पछाडि परेका हुनाले उनीहरूको उन्नति, समृद्धि तथा हकहित सुनिश्चित गराउन महिला सशक्तीकरणमा जोड दिइन्छ । शसक्तीकरणले स्रोत माथिको पहुँच, आफ्नो हितको निम्ति स्रोतको उपयोग, आफ्नो हितको निम्ति निर्णय गर्न सक्ने क्षमता र अवसरहरू माथिको पहुँच र अवसरको माग गर्न सक्ने क्षमता इत्यादिलाई जनाउँछ । अर्थात् सशक्तीकरणले समग्र क्षमताहरूको विकास तथा अधिकारको सुनिश्चितता एवम् अधिकारको उपभोगसँग सरोकार राख्दछ । सशक्तीकरण तरल प्रक्रिया हो तसर्थ यो ठाउँ, परिस्थिति, संस्कृति, धर्म, परिवेश अनुसार फरक फरक हुन्छ । कसैकसैले यसलाई साधन पनि हो भन्दछन् । तर क्षमताहरूको विकास गराउँदै महिलाहरूलाई सशक्तीकरणको प्रक्रियामा संलग्न गराउने एउटा प्रमुख मार्ग शिक्षा हो । यो तर्कअनुसार शिक्षा सशक्तीकरणको साधन हो ।

सूचना, ज्ञान तथा सिप विना क्षमता अभिबृद्धि हुँदैन । तसर्थ क्षमता अभिबृद्धि गर्न शिक्षा अपरिहार्य हुन्छ । चाहे औपचारिक, अनौपचारिक वा अतिरिक्त कुनै पनि माध्यमबाट शिक्षा उपलब्ध गर्न सकिन्छ । विशेषतः महिला तथा किशोरीहरूले क्षमता अभिबृद्धि गर्न शिक्षाका यी कुनै पनि माध्यमबाट ज्ञान तथा सिप हासिल गर्ने आफ्ना इच्छा पूरा गर्न सक्छन् । अर्थात्, शिक्षाको अधिकार उपभोग गर्न पाउँछन् ।

## सूचना सञ्चार प्रविधि (ICT)

एक अर्थमा सूचना सञ्चार प्रविधिले परम्परागत तथा आधुनिक सबै खाले सञ्चारका माध्यमहरूलाई समेट्छ । परम्परागत सञ्चारका माध्यमहरू जस्तै लोकगीत, रङ्गमञ्च, कठपूतली इत्यादिले व्यक्तिहरूलाई एकै ठाउँमा जम्मा पारेर ज्ञान, सिप, जानकारी प्रदान गर्दछन् । आधुनिक ICT भित्र रेडिया, टेलिफोन, मोबाइल फोन, कम्प्युटर, इन्टरनेट र कम्प्युटर एवम् इन्टरनेटसँग गाँसिएर आउने अन्य विभिन्न प्रविधिहरू पर्दछन् । आधुनिक ICT का माध्यमहरूबाट व्यक्तिले जहाँसुकै बसेर पनि ज्ञान, सिप, जानकारी प्राप्त गर्नसक्छ । जसरी कक्षाकोठामा हाजिर नभई औपचारिक माध्यमबाट शिक्षा आर्जन गर्न सकिँदैन त्यसरी कुनै निश्चत स्थान वा समयमा उपस्थित नभई परम्परागत ICT का माध्यमहरूबाट जानकारी वा ज्ञान प्राप्त गर्न सकिँदैन । तर व्यक्तिहरू सधैँ कुनै निश्चत स्थान वा समयमा उपस्थित हुन सक्ने अवस्था रहेन । यसर्थमा परम्परागत प्रविधिले परिवर्तित तथा नयाँ ज्ञान, सिप तथा जानकारीहरूलाई समुदायसम्म छिटो पुऱ्याउन सक्दैनन् । अर्थात् व्यक्तिलाई अध्यावधिक भइरहन पारम्परिक प्रविधिबाट त्यति सम्भव हुँदैन । तसर्थ आधुनिक ICT को प्रयोग अपरिहार्य जस्तै बनिसक्यो । यो लेखमा पनि ICT लाई आधुनिक प्रविधि र तिनसँग सम्बद्ध उपकरणहरू भन्ने अर्थमा मात्र प्रयोग गरिएको छ ।

## सूचना र सञ्चार प्रविधिमा आधारित खुला तथा दूर शिक्षा र महिला सशक्तीकरण

ICT को तिव्र विकास; परिवारका प्रायः सबै सदस्यहरूको पेसामा आबद्ध हुनुपर्ने बाध्यता एवम् चाहना; तथा प्राथमिक तहको शिक्षामा बढ्दो पहुँच; र माथिल्ला तहका शिक्षाको बढ्दो माग हाम्रा वास्तविकताहरू हुन् । महिला तथा बालिकाप्रति हेरिने दृष्टिकोण र उनीहरूप्रति गरिने व्यवहार उही गतिमा परिवर्तन नहुनु अर्को वास्तविकता हो । पछिल्लो वास्तविकताले महिलाको शिक्षा, उन्नति एवम् हकहितका निम्ति स्रोत साधन माथि उनीहरूको पहुँच तथा उपयोगलाई सीमित पारिदिने काम गर्छ । तर ICT को प्रयोगमार्फत् शिक्षामा महिलाहरूको पहुँच बढाउन सके पछिल्लो वास्तविकतामा पनि छिटै परिवर्तन गर्न सकिन्छ । ICT मा आधारित ODL महिला सशक्तीकरणको साधन हुन सक्छ भन्ने कुरा विभिन्न देशका उदाहरणहरूले देखाएका छन् ।

ODL ले अध्ययन गर्न चाहने जोसुकैलाई आफ्नो विद्यमान परिस्थिति मै रहेर शिक्षा आर्जनको अवसर दिन्छ । विशेषतः महिलाहरू जो आफ्नो सामाजिक एवम् घरायसी जिम्मेवारी तथा भूमिकालाई छोडेर शिक्षण संस्था धाउन सक्दैनन् उनीहरूका लागि यो उत्तम विकल्प हो । तर टाढै बसेर वा घरमै बसेर ODL को माध्यमबाट अध्ययन गर्न ICT अपरिहार्य हुन्छ । ICT मा आधारित ODL ले एकातिर

महिलाहरूलाई आफ्नो इच्छा अनुसारको विषय, ज्ञान, सिप आफ्नै थातथलोमा बसेर उपलब्ध गराउँछ भने अर्कातिर उनीहरूले प्रविधि प्रयोग गर्न सिक्ने अवसर पनि पाउँछन्। फलस्वरूप महिलाहरूले प्रबिधि प्रयोग गरेर थप अन्य जानकारी पनि हासिल गर्न सक्छन्। सूचना, ज्ञान, सिपमा पहुँच र तिनको उपयोग गर्नु भनेको महिलाहरूको क्षमता अभिबृद्धि हुनु हो। क्षमताले मनोवैज्ञानिक तहमा पनि प्रभाव पार्छ, अर्थात् मनोबल र आत्मविश्वास बढाउँछ। यो सशक्तीकरणको लक्षण हो। "यदि पहुँच र प्रयोग, क्षमता विकासको अवसरहरू, रोजगारी र सशक्तीकरणको सम्भाव्यतासँग सम्बन्धित ICT का लैङ्गिक आयामहरूको पहिचान र संबोधन गर्न सकेमा ICT महिलाको राजनीतिक र सामाजिक सशक्तीकरणको दह्रो साधन तथा लैङ्गिक समानताको प्रवर्तक हुनसक्छ" (UN, सन् २००५ पृ. ३)।

विविध कारणहरूले गर्दा औपचारिक शैक्षिक संस्थाहरूमा भौतिक रूपले उपस्थित हुन नसक्नु एउटा पक्ष हो। स्रोतमा पहुँच नहुनु र स्रोत परिचालन सम्बन्धमा निर्णय गर्न नसक्नाले पनि कतिपय महिलाहरूले औपचारिक माध्यमबाट शिक्षा प्राप्त गर्न सक्दैनन्। ICT मा आधारित ODL ले सस्तोमा, प्रभावकारी ढङ्गबाट गुणस्तरीय शिक्षा उपलब्ध गराउन सक्छ। पढाउने र पढ्ने सधैँ निश्चित समय र ठाउँमा जम्मा हुन नपर्ने हुँदा आपूर्ति पक्ष र माग पक्ष दुवैको लगानी कम हुन्छ। अर्कोतर्फ सामाजिक अपेक्षा र जिम्मेवारीबाट नपन्छीकन महिलाहरूलाई अथाह ज्ञान तथा सिप आर्जन गर्न सक्ने अवसर ICT ले उपलब्ध गराउँछ। जस्तै अफ्रिकी देश जिम्बावेले औपचारिक विद्यालय कहिले नगएका वा गएर पनि परिवारको अपेक्षा पुरा गर्न भनी विवाहित, गर्भवती, गृहिणी, भएर बस्नु पर्ने बाध्यताले गर्दा विश्व विद्यालयको शिक्षा पूरा गर्न नसकेका महिलाहरूका लागि ICT मार्फत शिक्षा प्राप्त गर्ने अवसर उपलब्ध गराउँदै आएको छ (Taurai र J Metzo, सन् २०१३)। काम छोडेर पढ्नु पर्ने वाध्यतामा परेका कामदार महिलाहरू, जस्तै विद्यालयकि प्राध्यापक, व्यापारी, नर्स, मनोसामाजिक परामर्शदातालाई पनि यसले राहत दिएको छ। एकजना गृहिणीलाई ICT मा आधारित ODL ले मनोविज्ञानमा स्नातक तह पढ्ने अवसर त दियो नै इन्टरनेटको प्रयोगबाट उनका पुराना साथीहरूसँग सम्पर्क स्थापना भयो र उनले घरबाटै केक बनाएर बेच्ने सानो अनौपचारिक उद्योग सञ्चालन गर्न समेत सक्षम भइन् (उही)। महिलाको निम्ति ICT पढाउने साधन मात्र नभई अनुसन्धानको साधन र जानकारी/सूचनाको स्रोत पनि हुन सक्छ भन्ने तथ्य यो उदाहरणले देखायो। त्यस्तै क्यारेबियन द्वीपका गरिब ग्रामीण महिलाहरूको चाहना ICT को प्रयोग गरेर आफ्नो आर्थिक अवस्थामा सुधार ल्याउनु मात्र थिएन, उनीहरू ICT को माध्यमबाट ज्ञानमा आधारित समुदाय (Knowledge based society) को सिर्जना गर्न चाहन्थे, जसले गर्दा वाह्य संसारसँग पनि सम्बन्ध गाँस्न पाइन्छ भन्ने उनीहरूको अभिप्राय थियो (Soares र Thomas, सन् २००९)। फलस्वरूप आफ्ना श्रीमानहरूको पूर्ण समर्थन पाएका ती महिलाहरूका निम्ति University of West Indies तथा त्यस अन्तर्गतका दुर शिक्षा केन्द्र र महिला तथा विकास इकाइको संयुक्त प्रयासमा सन् २००४ मा ICT परियोजना सुरु गरियो (उही)। यो परियोजनाले कृषि प्रविधि सम्बन्धी ज्ञान, सिपदेखि रोजगारीको अवसर सिर्जना गर्न सफल भयो। साथै स्वास्थ्यसम्बन्धी ज्ञान, जानकारीदेखि अनुसन्धान र प्रविधिक तालिमको अवसरसम्म उपलब्ध गरायो।

कानुनी एवम् सामाजिक हिसाबले महिलाको असमान स्तर भएको बांगलादेशमा महिलाका लागि शिक्षा र ICT दुवै महत्वपूर्ण मानिँदैनन् (Green र Trevor-Deutsch, सन् २००२)। तर बङ्गलादेशको शिक्षा नीति सन् २०१० ले शिक्षामा पुरा समय बिताउन नसक्ने व्यक्तिहरूका लागि अवसर उपलब्ध गराएर शिक्षामा पहुँच दिलाउन ODL प्रणाली विस्तार गर्नु पर्ने आवस्यकता पहिचान गरेको छ (Rahman र Yeasmin, मिति उपलब्ध छैन)। परिणामतः केही लैङ्गिक मुद्दाहरू सुल्झाउन बाँकी भए पनि बङ्गलादेश खुला विश्व विद्यालयको ODL प्रणालीबाट महिलाहरू नै बढी लाभान्वित भएका छन् (उही)। साक्षरता र साधारण शैक्षिक तह उकास्न बङ्गलादेश खुला विश्व विद्यालयले सन् १९९५ मा माध्यामिक विद्यालय सर्टिफिकेट कार्यक्रम सुरु गर्‍यो र यसमा करिब ५० प्रतिशत सहभागी महिलाहरू छन् (Sultana र Kamal, मिति उपलब्ध छैन)। यो कार्यक्रममा छापा, प्रत्यक्ष शिक्षण, रेडियो

र टिभीको प्रयोग गरिन्छ (उही) ।

अफ्रिकी देश युगान्डाका न्यून वा शून्य साक्षरता सिप भएका ग्रामीण विपन्न महिलाहरूको लागि विदेशी संस्थाहरूको सहयोगमा युगान्डा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद तथा अन्य सञ्चार समूहसँगको सहकार्यमा महिलाहरूका निम्ति सञ्चालित ICT परियोजनाका सहभागी महिलाहरूले एकै वर्षमा आफ्ना सिकाइ आवश्यकता पूरा गर्न CD ROM को प्रयोग गर्न सक्ने भए (Green र Trevor-Deutsch, सन् २००२) । भनिन्छ प्रायः महिलाहरूले प्रविधि प्रयोग गर्दा सञ्चार सन्त्रास (telephobia) को अनुभूति गर्छन् तर तिनीहरूलाई यो अनुभूति भएन, उल्टै कम्प्युटरको प्रयोगका साथै उनीहरूले पढ्ने संस्कारको पनि विकास गरे (उही) ।

आमाहरू तथा घरबाट काम गर्ने महिलाहरूको सञ्जाल ehomemakers जसलाई 'Mothers for Mothers' भनेर चिनिन्छ, दक्षिणपूर्वि एसियाली देश मलेसियामा सन् १९९८मा स्थापित समुदायमा आधारित सञ्जाल हो र यसले काम र जीवनबिचको सन्तुलनलाई प्रोत्साहित गर्छ (http://www.ehomemakers.net) । यो घरमै बसेर काम गर्न रुचाउने विशेषतः विवाहित महिला तथा बच्चाका आमाहरूको सञ्जाल हो । यसले सामाजिक एवम् व्यावसायिक क्षेत्रमा काम लाग्ने जीवनपयोगी सिपहरू तथा सूचना/जानकारीहरू उपलब्ध गराउँछ । यो सञ्जालले घरमै बसेर काम/व्यवसाय गर्ने महिलाहरूलाई घरको जिम्मेवारी र कामबिच सन्तुलन कायम गर्न सहज त बनायो नै यसले लैङ्गिक समानताको सन्दर्भमा पनि सकारात्मक परिवर्तन ल्याउन थाल्यो । जस्तै बाहिर काम गरेर आउने श्रीमान्ले घर आउने वित्तिकै थकाइको बहानामा घरको काम नसघाउने संस्कृति भएको समाजमा अब घरमै बसेर व्यवसाय गरी आय आर्जन गर्ने महिलाले पनि सोही कारण देखाई श्रीमान्लाई घरको काम सघाउन लगाउन सक्ने सम्म भए (Ching र Krishnan, सन् २००६) ।

भारतको गरिब, स्वरोजगार महिलाहरूको सदस्यतामा आधारित सबभन्दा ठूलो संस्था SEWA (Self Employed Women's Association) ले महिला सशक्तीकरणको निम्ति ICT विद्यालय सञ्चालनमा ल्यायो । तिनै महिलाहरूले सञ्चालन गरेका सामुदायिक अध्ययन केन्द्रहरूमा SEWA का सदस्यहरू र तिनका आफ्ना छोराछोरी तथा कुटुम्बहरू र ग्रामीण समुदायका सदस्यहरूलाई ICT मा पहुँच दिलाएको छ । महिला सशक्तीकरणको लागि सञ्चालित यी ICT विद्यालय अति विपन्न समुदायहरूले नै सञ्चालित कार्यक्रम हो जसमाथि उनीहरूको स्वामित्व छ । यो कार्यक्रमले विभिन्न व्यावसायिक तालिमदेखि भिडियो रेकर्डिङ, लेखा, कम्प्युटरसम्बन्धी तालिम, भाषा तालिम तथा जीविकोपार्जनका निम्ति उपयुक्त नयाँ नयाँ जानकारीहरूसम्म उपलब्ध गराउँदछ । ICT ले माध्यम र विषयवस्तु दुवै रूपमा महिलाहरूलाई लाभान्वित तुल्याएको छ । एसियाली महिलाहरूले ICT/ODL लाई आय आर्जन, रोजगारी खोज्न, कार्य सम्पादन सुधार्न, आत्मविश्वास बढाउन, र इच्छा लागेका विषय वस्तुबारे सिक्न प्रयोग गरेका छन् (Huyer, सन् २००५) । एसियाका धेरै महिलाहरूले ICT प्रयोग गर्न परिवारका सदस्यहरूको विरोध खप्नु परे पनि जब उनीहरूको ICT सम्बन्धी ज्ञान र यसको उपयोगले पुरै परिवार लाभान्वित हुन थाल्छन् तब उक्त विरोध पनि हराउँदै जाने गर्दछन् (उही) ।

विश्वमै ICT/ODL लाई महिला सशक्तीकरण र लैङ्गिक समानता सुनिश्चित गर्ने उपायको रूपमा प्रवर्धन गरिँदैछ । महिला तथा पुरुष दुवैमा अन्तरनिहित प्रतिभा, कौशल, सिप एवम् दक्षतालाई विकसित गर्न र आफ्नो घर परिवार तथा समुदायको हितका निम्ति तिनको प्रयोग गर्न ICT र ODL द्वारा सम्भव छ भन्ने पनि उदाहरणहरूले देखाएका छन् । ICT ले महिलाहरूलाई शैक्षिक अवसर मात्र उपलब्ध गराएको छैन यसले उनीहरूलाई हरेक क्षेत्रमा उच्च ओहदामा पुग्न समेत सहयोग गरेको छ (Kanwar, Ferreira र Latchem, सन् २०१३) ।

शैक्षिक गतिविधिको निम्ति महिलाहरूलाई ICT सँग आबद्ध हुने अवसर प्रदान गर्नु भनेको जीवनपर्यान्त सिकाइलाई प्रवर्धन गर्नु पनि हो । अबको विश्वमा जीवनपर्यन्त सिकाइको महत्त्वलाई मध्यनजर गरेर

नै सन् २०१४ जुन महिनाको पहिलो हप्ता ओमानको राजधानी मसकाटमा सम्पन्न भएको सबैका लागि शिक्षाको विश्व सम्मेलनले "सन् २०३० सम्ममा सबैका लागि समतामूलक र समाहित गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्ने" भन्ने लक्ष राख्यो (http://efareport.wordpress.com)। विद्यालय सुधार योजना (सन् २००९-२०१५) ले पनि जीवनपर्यन्त शिक्षालाई एउटा प्रमुख क्षेत्र मानेको छ ।

## ICT/ODL **सम्बद्ध लैङ्गिक मुद्दा**

प्रविधि प्रयोगमा कतिपय तत्त्वहरू यस्ता छन् जसले पुरुष र महिलालाई समानरूपमा असर पार्दछ । जस्तै आर्थिक लगानी, पूर्वाधार, भाषागत सिप इत्यादिले दुवैको प्रविधि माथिको पहुँचलाई प्रभाव पार्दछ । महिलाको हकमा यी तत्वहरू अफ प्रबल हुन्छन् किनकि यी बाधकहरूमा सांस्कृतिक एवम् सामाजिक पक्ष तथा लैङ्गिक शक्ति सम्बन्धहरू पनि गाँसिएका हुन्छन् ।

धेरै महिलाहरू असाक्षर छन् र शिक्षा आर्जन गरेका महिलाहरूमध्ये पनि धेरै जसो तल्लो तहको शैक्षिक योग्यता मै सीमित छन् (हेर्नुस् केन्द्रिय तथ्याङ्क विभाग, सन् २००९ र २०११) । यो अवस्थामा पनि महिलाहरूको ICT माथिको पहुँच र प्रयोग पुरुषको दाँजोमा कम हुन्छ । साथै औपचारिक होस् वा अनौपचारिक महिलाहरू परम्परागत शिक्षण सिकाइ विधिबाटै अध्ययन गरेर आएका छन् । तसर्थ अधिकांशले उपलब्ध प्रविधि पनि प्रयोग गर्न सक्दैनन् ।

समाजले निर्माण गरेको लैङ्गिक भूमिका; स्रोत माथिको असमान पहुँच; तथा पुरुष र महिलाका निम्ति बनाइएका अन्य सामाजिक नियमहरूले गर्दा महिला तथा पुरुषले समान रूपमा ICT को उपयोग गर्न सक्दैनन् । अर्थात् प्रविधि उपयोग गरि सूचना तथा ज्ञानको समाजमा समानरूपले सहभागी हुन सक्ने क्षमतालाई संस्कृति र समाजले बनाएको पारम्परिक लैङ्गिक सम्बन्धले निर्धारण गर्दछ । सामाजिक-सांस्कृतिक तगारोले यस्तो पक्षलाई जनाउँछ जसले अदृश्य वा प्रस्ट रूपमा महिलाको बोलीचाली, व्यवहारलाई नियन्त्रित गर्दछन् जसका कारण महिला तथा बालिकाहरूले कुनै वस्तु वा क्रियाकलापबाट आफूलाई स्वतः टाढै राख्न चाहन्छन् । उनीहरू ती वस्तु वा क्रियाकलाप आफ्ना लागि होइनन् भन्ने विश्वास बोक्छन् । जस्तै ICT, गणित र विज्ञान जस्ता विषयहरू कतिपय महिला तथा बालिकाहरूले आफ्ना निम्ति होइनन् भन्ने विश्वास बोकेका हुन्छन् । अर्थात् प्रविधि सामाजिक हिसाबले निर्माण गरिएका हुन्छन् तसर्थ महिला तथा पुरुषमा यसको भिन्न भिन्न प्रभाव पर्दछ (UN, सन् २००५) । परिणामतः प्रविधि उपयोग गर्न सक्ने प्रविधिक एवम् सामाजिक क्षमता पनि महिला तथा पुरुषको भिन्न भिन्न हुन्छ । यसर्थमा महिलाको ICT मा पहुँच र उपयोग सम्बन्धी अप्ठयाराहरू प्रविधिक पूर्वाधार, आर्थिक र शैक्षिक मुद्दाहरूमा मात्र सीमित हुँदैनन् (Primo, सन् २००३) ।

प्रविधि प्रतिको भय अर्को लैङ्गिक मुद्दा हो । प्रविधि, प्रविधिक ज्ञान तथा उपकरणहरू आफ्ना निम्ति होइनन् भन्ने सोच/विश्वास तथा सानैदेखि घर परिवारले त्यस्ता पक्षहरूप्रति प्रायः छोराहरूलाई मात्र प्रोत्साहित गर्ने परम्पराले गर्दा महिला तथा बालिकाहरूमा प्रविधि प्रति भय उत्पन्न गराउँछ । लैङ्गिक एकोहोरोपनामा सामाजिकीकरण भइसकेका कतिपय महिला तथा बालिकाहरूको मनमा प्रविधि प्रति भय गढेको हुन्छ । समाजका अन्य महिला तथा पुरुष सदस्यहरूको लैङ्गिक एकोहोरोपनयुक्त मनोवृत्ति र व्यवहारले यो भयलाई सवलीकरण गर्न मद्दत गर्छ ।

ICT क्षेत्रमा पर्याप्त महिला नमुना पात्र (role model) नहुनु अर्को मुद्दा हो । ICT को क्षेत्रमा उच्च तहका महिला प्रविधिकहरू अति नै न्युन हुनाले पनि महिला तथा बालिकाहरूलाई ICT प्रति उन्मुख गराउन तथा चाख बढाउन मुस्किल पर्दछ । त्यसमाथि विज्ञान प्रविधिको क्षेत्र नै परम्परादेखि पुरुषको बर्चस्व भएको क्षेत्र हुँदा यो क्षेत्र अझै लैङ्गिक संवेदनशील हुन सकेको छैन । यसको उदाहरण नेपालका सूचना तथा सञ्चार क्षेत्र सम्बन्धी दीर्घकालीन नीति २०५९ र दूरसञ्चार नीति २०६० (http://www.moic.gov.np) हुन् । दुवै ICT मा लैङ्गिक समता र समानता सुनिश्चित गर्नेबारे बोल्दैनन् । यी दुवै

दस्तावेजहरू लैङ्गिक दृष्टिले तटस्थ छन् । लैङ्गिक दृष्टिले तटस्थ दस्तावेज तथा कार्यक्रमहरूले स्रोत साधनको बाँडफाँड, पुरुष तथा महिलाका भूमिकाहरू अर्थात् संरचनात्मक मुद्दाहरूलाई सम्बोधन गर्दैनन् ।

**निष्कर्ष**

एकतर्फ तीव्र रूपमा नयाँ ICT को विकास भइरहेछ भने अर्कोतर्फ ICT मा पहुँच पाउन नसकेका जनसङ्ख्या पनि कम छैनन् । यी दुई बिच सन्तुलन कायम गर्नेतर्फ पर्याप्त ध्यान दिइएन भने ICT मा लैङ्गिक असमानता अझ बढ्दै जान्छ । तसर्थ अन्य देशहरूमा धेरै सङ्घ संस्थाहरूले ICT मा महिलाको पहुँच सुनिश्चित गर्ने काम गरिरहेका छन् । ICT मा महिलाको पहुँच हुनु व्यक्ति तथा समुदाय दुवैको निम्ति लाभदायक हुन्छ (UNESCO, सन् २०१३) । ICT मा महिलाको पहुँचले उनीहरूलाई बढी भन्दा बढी जानकारी बटुल्न, नयाँ सिप आर्जन गर्न, अरुको अनुभवबाट सिक्न, र समस्या समाधानका उपायहरू पत्ता लगाउन समर्थ बनाउँछ (उही) । यसर्थमा ICT मा महिलाको बढ्दो पहुँचले समाजमा विद्यमान लैङ्गिक असमानताको खाडललाई पुर्ने काम पनि गर्छ ।

प्रथमतः ICT/ODL को निम्ति साक्षरता र भाषागत सिप जरुरी हुने हुँदा महिलाको यी दुवै सिप विकासमा गहन प्रयास जरुरी हुन्छ । साथै महिलाहरूलाई प्रविधिमा पनि साक्षर बनाउँदै लैजानुपर्छ । यसका निम्ति पारम्परिक ढङ्गको एउटा पुस्तकमा आधारित साक्षरता शिक्षाले कदापि सहयोग गर्दैन । विविध सामग्री र माध्यमहरूको उत्पादन र उपयोग जरुरी हुन्छ । शिक्षाप्रति प्रौढ महिलाहरूको उत्प्रेरणा जगाउन पनि विविध विधि र उपकरणहरू जस्तै कम्प्युटरको प्रयोग फलदायी हुन्छ ।

विशेषतः महिलाहरूको निम्ति ICT मा पहुँच बढाउन र उनीहरूलाई ICT को उपयोग गर्न सिकाउन शिक्षाको संरचनाले मात्र सम्भव छैन । व्यापक रूपमा आन्तरिक एवम् वाह्य सहकार्यको जरुरत पर्छ । जस्तै शिक्षा मन्त्रालयका निकायहरू शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रबिच यस बिषयमा सहकार्य हुनु अत्यन्त जरुरी छ । यही सहकार्यबाट जन्मने योजनाका आधारमा बाह्य सहकार्यको खाका तयार गर्नु पर्ने हुन्छ । उपयुक्त वाह्य निकायहरू नेपाल दूर सञ्चार संस्थान; महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय र विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय हुन् ।

प्राविधिक पूर्वाधार र नियमित प्राविधिक सहयोगको निम्ति शिक्षा मन्त्रालय र नेपाल दूर सञ्चार संस्थानबिच व्यापक सहकार्य जरुरी हुन्छ । उपकरणहरू उपलब्ध गराउने सन्दर्भमा भने कम्प्युटर कम्पनीहरूसँग सहयोग माग गर्न सकिन्छ । अर्को तहको सहकार्य राज्यको कर प्रणालीसँग आवश्यक हुन्छ । आफ्नो र समुदायकै हितका निम्ति महिलाहरूलाई ICT मार्फत शैक्षिक तथा व्यावसायिक गतिविधिमा संलग्न हुने अवसर उपलब्ध गराउने र त्यसप्रति उत्प्रेरणा जगाउने उपाय करमा सहुलियत पनि हो । जस्तै महिला मात्रले महिला तथा समुदायका निम्ति सञ्चालित समुदायमा आधारित ICT केन्द्रहरूलाई केही वर्षसम्म कर छुट दिइनु पर्छ ।

देशभर छरिएका सामुदायिक अध्ययन केन्द्रहरू (सा.अ.के.) लाई उनीहरूको कार्य सम्पादनका आधारमा आवस्यक ICT सम्बन्धी भौतिक एवम् मानवीय स्रोत विकासका निम्ति लगानी गर्नु एउटा उत्तम उपाय हो । सामुदायिक अध्ययन केन्द्रको विशेषता भनेको यसको महिलाहरूसँगको आबद्धता, शैक्षिक गतिविधि तथा राज्यको नियमित लगानीको उपलब्धता हुन् । तसर्थ सामुदायिक अध्ययन केन्द्रहरूले सदस्यतामा आधारित महिलाद्वारा नै सञ्चालित ICT केन्द्रहरू स्थापना गरेर महिला तथा समुदायका अन्य विपन्न वर्गहरूको ICT मा पहुँच बढाउन सक्छ । माथि उल्लिखित विकल्पहरूले शिक्षा मन्त्रालयको दायरा भन्दा बाहिरको सहयोग एवम् समर्थन खोज्दछ । तसर्थ नेपालको समग्र ICT सम्बन्धी नीति नै लैङ्गिक संवेदनशील छ/छैन र ICT मा समानता सुनिश्चित गर्न उक्त नीतिलाई कसरी सजग बनाउन सकिन्छ भन्ने दृष्टिबाट तिनको पुनरावलोकन गर्नु अत्यन्त जरुरी हुन्छ । तर यो पुनरावलोकन गर्ने उत्तरदायित्व तथा नेतृत्व शिक्षा मन्त्रालयले नै लिनुपर्छ ।

## सन्दर्भ सामग्री


**सूचना तथा सञ्चार क्षेत्र सम्बन्धी दीर्घकालीन नीति**, २०५९. Retrieved from : http://www.moic.gov.np/

**दूरसञ्चार नीति**, २०६०. Retrieved from: http://www.moic.gov.np/ Ching, C. S. & Krishnan, U. (2006). *How gender dynamics affect teleworkers' performance in Malaysia.*

Green, L. & Trevor-Deutsch, L. ( 2002). *Women and ICTs for open and distance learning: Some experiences and strategies from the Commonwealth.*

*http://portal.unesco.org/*ci/en/file_download.php/250561f24133814c18284feedc30bb5egender_issues.pdf

Huyer, S. (2005). *New technologies creating new opportunities for women: An international perspective. Women in global science and technology.*

Idea Group Inc., Retrieved from: *http://www.irma-international.org/*viewtitle/12824/

Kanwar, A., Ferreira, F. & Latchem, C. (Eds.) (2013). *Women and leadership in open and distance learning and development.* Vancouver: Commonwealth of Learning.

Primo, N. (2003). *Gender issues in the information society.* Retrieved from: THE GOALS OF THE BEIJING Rahman.

K. F. and Yeasmin, S. (n.d.). *Risk and resilience at female learners transitions to ODL: A study on open school of Bangladesh open university.* Retrieved from: http://pcfpapers.colfinder.org/bitstream/handle/5678/21/Paper%2067%20 (Supplementary%20 File).pdf?sequence=1

Sadia Afroze Sultana, S. A. & Kamal, M. A. Kamal (n.d.). *Open and distance learning to empower rural women:* Bangladesh. Retrieved from: http://www.col.org/pcf3/Papers/PDFs/Sultana_Kamal.pdf

*Self Employed Women's Association (SEWA) (n.d.). ICT school for empowerment of women.* Retrieved from:http://www.usof.gov.in/usof-cms/GagendaPdf/DoT_-_SEWA_-_ICT_School_for_Empowerment_of_Women[1].pdf

Soares, J. & Thomas, M. (2009). *Leveraging ICTs for open and distance learning in non-formal education for Caribbean women: The case of St. Vincent & The Grenadines.* Educación superiory sociedad/nueva época/año 14/Numero 2.

Taurai, D N. & J. M. (2013). *Impact of using information and communication technology (ICT) in open distance learning (ODL) as an empowerment tool for women in Zimbabwe. IOSR journal of humanities and social science (IOSR-JHSS) Volume 17, Issue 4.* Retrieved from: www.iosrjournals.org, *The Muscat Agreement: New proposed post 2015 global education goal and targets announced today.*

*Posted on 4 June 2014 by EFA report.* Retrieved from: http://efareport.wordpress.com/

United Nations (2005). *Gender equality and empowerment of women through ICT. UN/Division for the advancement of women. Where home and work meet.* Retrieved from: http://www.ehomemakers.net